मरिण राजपत्र

मरिण गाउँ कार्यपालिकाद्वारा प्रकाशित

खण्डा ८ मरिण, पौष १८ गते, २०८२ साल संख्या २

भाग २

“मरिण गाउँपालिकाको
मरिण आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२”

प्रस्तावनाः

मरिण गाउँपालिका भित्र स्वास्थ्य सेवाबाट कुनै पनि नागरिक बन्चित हुने अवस्था आउन नदिन, उपलब्ध स्रोत र साधनको समुचित प्रयोग गर्दै नेपालको संबिधान २०७२ ले स्थानीय तहलाई प्रत्याभूत गरेको स्वास्थ्य सम्बन्धी अधिकार तथा गाउँपालिकाबाट उपलब्ध हुने आधारभूत स्वास्थ्य सेवालाई सहज, प्रभावकारी, व्यवस्थित र गुणस्तरीय बनाउन, गाउँपालिकाले स्तरोन्नती तथा स्थापना गरेको "**मरिण आधारभूत अस्पताल**" सञ्चालन तथा व्यवस्थापन गर्नका लागि समिति गठन तथा काम कर्तव्य र अधिकार निर्धारण गर्न वान्छनिय भएकोले गाउँकार्यपालिकाले "स्थानीय सरकार सञ्चालन ऐन, २०७४" को दफा १०२ को अधिकार प्रयोग गरि यो कार्यविधि जारी गरेको छ ।

परिच्छेद १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यो कार्यविधिको नाम "मरिण गाउँपालिकाको मरिण आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८२" रहेको छ ।

(ख) यो कार्यविधि कार्यपालिकाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "आधारभूत अस्पताल" भन्नाले यस मरिण गाउँपालिकाले सञ्चालन गरेको "मरिण आधारभूत अस्पताल" लाई सम्झनु पर्छ ।

(ख) "अध्यक्ष" भन्नाले यस मरिण गाउँपालिकाको मरिण आधारभूत अस्पतालको अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ग) "अस्पताल प्रमुख" भन्नाले अस्पतालमा कार्यरत चिकित्सकहरु मध्ये सबैभन्दा जेष्ठ कर्मचारी वा समितिले तोकेको कर्मचारी सम्झनु पर्छ ।

(घ) "कार्यपालिका" भन्नाले यस मरिण गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ङ) "कार्यविधि" भन्नाले "मरिण गाउँपालिकाको मरिण आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२" सम्झनु पर्छ ।

(च) "संयोजक" भन्नाले स्थायी कर्मचारीहरु मध्येबाट गाउँपालिका र अन्य निकायसंग समन्वय तथा पत्राचार गर्न तोकेको मुख्य ब्यक्ति सम्झनु पर्छ ।

(छ) "चिकित्सक वा स्वास्थ्यकर्मी" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्न प्रचलित कानुन बमोजिम सम्बन्धित परिषदबाट अनुमति प्राप्त ब्यक्ति सम्झनु पर्छ ।

(ज) "गाउँपालिका" भन्नाले यस मरिण गाउँपालिका सम्झनु पर्छ ।

(झ) "गाउँपालिका क्षेत्र" भन्नाले यस मरिण गाउँपालिकाले ओगटेको सम्पूर्ण क्षेत्र सम्झनु पर्छ ।

(ञ) "पदाधिकारी" भन्नाले अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष, उपाध्यक्ष र सदस्य लगाएतका पदाधिकारीहरु सम्झनु पर्छ ।

(ट) "समिति" भन्नाले दफा ३ बमोजिम गठित अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ठ) "शाखा" भन्नाले मरिण गाउँपालिकाको आधारभूत स्वास्थ्य तथा सरसफाई शाखा सम्झनु पर्छ ।

(ड) "जनशक्ति" भन्नाले आधारभूत अस्पतालमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी लगाएत अन्य कर्मचारी सम्झनु पर्छ ।

(ढ) "गाउँसभा" भन्नाले मरिण गाउँपालिकाको गाउँसभा सम्झनु पर्छ ।

परिच्छेद-२
अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको गठन

३. समितिको गठनः

1. अस्पतालको सञ्चालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको एक समिति हुनेछ ।

(क) गाउँपालिका अध्यक्ष वा अध्यक्षले तोकेको ब्यक्ति - अध्यक्ष

(ख) गाउँपालिका अपाध्यक्ष वा उपाध्यक्षले तोकेको ब्यक्ति - उपाध्यक्ष

(ग) सामाजिक विकास समिति संयोजकः सदस्य

(घ) अस्पताल रहेको वडा अध्यक्षः सदस्य

(ङ) स्वास्थ्य क्षेत्रमा क्रियाशील स्थानीय स्वास्थ्य क्षेत्रको विज्ञ मध्ये कार्यपालिकाले तोकेको कम्तिमा एक महिला सहित दुई जनाः सदस्य

(च) प्रमुख प्रशासकीय अधिकृतः सदस्य

(छ) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुखः सदस्य

(ज) अस्पताल प्रमुख वा प्रमुखले तोकेको व्यक्तिः सदस्य सचिव

(झ) आवश्यकता अनुसार किशोरकिशोरी तथा अन्य सरोकारवालाहरुलाई आमन्त्रितको रुपमा सहभागी गराउन सकिनेछ ।

2. समितिमा सदस्यहरुको आवश्यक योग्यता ।

(क) सामाजिक रुपमा नैतिक पतन नभएको व्यक्ति ।

(ख) कुनै अदालतमा कसुरदार नठहरिएको ब्यक्ति वा अन्य प्रचलित कानुन बमोजिम योग्य ब्यक्ति ।

४. समितिको पदावधिः

समितिका पदाधिकारीहरुको पदावधि नियूक्ति भएको मितिले पाँच बर्षको हुनेछ तर पदाधिकारी पदावधि बाँकि रहँदै स्थानीय तहको निर्वाचन सम्पन्न भएमा पदावधि स्वतः समाप्त हुनेछ ।

५. पदावधि रिक्त हुनेः निम्न अवस्थामा मनोनित सदस्यको पद रिक्त हुनेछ ।

क) मृत्यू भएमा,

ख) राजिनामा दिएमा,

ग) बिना जानकारी नियमित तीन पटक सम्म बैठकमा अनुपस्थित भएमा,

घ) फौजदारी अभियोग प्रमाणित भएमा,

ङ) स्वास्थ्य संस्थाको अहित हुने काम गरेको ठहरेमा वा प्रमाणित भएमा ।

६. काम, कर्तव्य र अधिकारः समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) नेपाल सरकारबाट जारी गरिएको आधारभूत स्वास्थ्य सेवा प्रवाह र न्युनतम सेवा मापदण्ड कार्यान्वयनको सुनिश्चितता गराउने ।

ख) अस्पतालबाट गुणस्तरीय, प्रभावकारी एवं दिगो स्वास्थ्य सेवा प्रवाहको लागि स्वास्थ्यको उन्नति र विकासको सन्दर्भमा आवश्यक निति, योजना, कार्यक्रम तर्जुमा र निर्णय गरि कार्यन्वयन गर्ने गराउने ।

ग) अस्पतालको नियमित सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक स्रोत साधन जुटाउन पहल गर्ने बार्षिक बजेट तथा कार्यक्रम तयार गर्ने ।

घ) अस्पतालबाट प्रवाह भएका स्वास्थ्य सेवाहरुको नियमित अनुगमन, मूल्याङ्कन र समिक्षा गरि सेवाको निरन्तर रुपमा गुणस्तर अभिबृद्धि गर्न आवश्यक निर्णय लिने ।

ङ) स्वास्थ्य सेवा तथा सुविधा सम्बन्धी राष्ट्रिय मापदण्ड कार्यान्वयनको सुनिश्चितताका लागि आवश्यक प्रबन्ध मिलाउने ।

च) अस्पतालमा कार्यरत जनशक्तिको उपलब्धता,क्षमता विकास एवम् वृति विकासको लागि आवश्यक कार्य गर्ने । अस्पतालको जनशक्तिको सेवा, शर्त, पारिश्रमिक र अन्य सुविधाहरुको सम्बन्धमा कार्यपालिकालाई सिफारिस गर्ने ।

छ) सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपलब्धता सुनिश्चितता गराउनका लागि आवश्यक मानव श्रोत सेवा सम्बन्धी कार्य गर्ने तथा सेवा प्रदायक स्वास्थ्यकर्मीहरुलाई सहज रुपमा कार्य गर्न अनुकुल तथा सुरक्षित वातावरण सृजना गर्ने र उच्च कार्य सञ्चालनका लागि प्रोत्साहन गर्ने।

ज) स्वास्थ्य सेवाबाट बञ्चित स्थानीय समुदायहरुलाई स्वास्थ्य सेवा पहुँचको सुनिश्चितता गर्न आवश्यक कार्य गर्ने ।

झ) भूगोल, अल्पसंख्यक, आदिवासी जनजाति, जेष्ठ नागरिक, विपन्न वर्ग, अपाङ्गता भएका बालबालिका, किशोर किशोरी, महिला समुहहरु समेतलाई मध्यनजर राखि अस्पतालको योजना तर्जुमा तथा कार्यान्वयनमा प्रथमिकता दिने ।

ञ) खोप कार्यक्रम, परिवार नियोजन कार्यक्रम, राष्ट्रिय क्षयरोग कार्यक्रम, बाल स्वास्थ्य तथा पोषण कार्यक्रम, सुरक्षित मातृत्व तथा नवशिशु कार्यक्रम, स्वास्थ्य बीमा कार्यक्रम तथा राष्ट्रिय अभियान सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक प्रबन्ध मिलाउने ।

ट) अति विपन्न, जेष्ठ नागरिक, बालबालिका, किशोर किशोरी, गर्भवति तथा सुत्केरी महिला, असहाय तथा अपाङ्गता भएका ब्यक्तिहरुलाई निःशुल्क तथा सहुलियतपूर्ण स्वास्थ्य सेवा प्रदान गर्ने प्रबन्ध मिलाउने।

ठ) अस्पतालको भौतिक, आर्थिक एवम् प्रशासनिक सम्पतिको एकिन तथ्याङ्क अध्यावधिक गर्न एवं सम्पतिको संरक्षण र मर्मत सम्भारको व्यवस्थापन गर्ने ।

ड) अस्पतालबाट प्रदान गरिएका स्वास्थ्य सेवाको लक्ष्य अनुसारको प्रगति भए नभएको अनुगमन तथा मूल्याङ्कन गर्ने ।

ढ) भौगोलिक कार्यक्षेत्र भित्रको समस्या र आवश्यकताको विश्लेषण गरि तथ्यमा आधारित योजना तर्जुमा र कार्यान्वयन गर्ने ।

ण) स्वास्थ्य सेवामा सुशासन, जनसहभागिता र सामाजिक सहभागिता सुनिश्चितता गरि सेवाग्राही मैत्री स्वास्थ्य सेवालाई सुदृढिकरण गर्न सहयोग तथा सहजीकरण गर्ने ।

त) विद्युतीय स्वास्थ्य सेवाको अवधारणा कार्यान्वयनका लागि गाउँपालिका अन्तर्गतका सामाजिक विकास समिति र आधारभूत स्वास्थ्य शाखा संग समन्वयन गर्ने ।

थ) अघिल्लो बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको स्थितिबारे विवेचना गरि जनस्वास्थ्यका कार्यक्रम तथा स्वास्थ्य सेवा सञ्चालनमा आएका समस्याको समाधानका लागि पहल गर्ने पूरा हुन नसकेका समस्याहरुको कार्यान्वयनका लागि सम्बन्धित निकायका पठाउने वा सिफारिस गर्ने ।

द) अस्पतालले लिने सेवा शुल्क निर्धारणको लागि गाउँ कार्यपालिकामा सिफारिस गर्ने ।

ध) अस्पतालको विकासको लागि आर्थिक तथा अन्य सहयोग जुटाउन सम्बन्धित निकायमा पहल गर्ने।

न) अस्पताल सञ्चालनका लागि गाउँपालिकाले दिएको निर्देशन तथा अन्य जनस्वास्थ्यका स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने गराउने ।

प) अस्पतालबाट प्रदान गरिएका स्वास्थ्य सेवाहरुको प्रवाहको क्रममा आएका गुनासाहरुको सम्बन्धन तथा व्यवस्थापन गर्ने ।

फ) अस्पतालको मासिक प्रगति प्रतिवेदन हरेक महिना DHIS 2 मा प्रविष्ट भए नभएको एकिन गर्ने नभएको भए तत्काल गर्ने निर्देशन दिने ।

ब) नेपालको संविधान,स्था नीय सरकार सञ्चालन ऐन, जनस्वास्थ्य सेवा ऐन, स्थानीय स्वास्थ्य सेवा ऐन र नेपाल सरकारले तत्काल निर्दिष्ट गरेका निर्देशन लगाएतका प्रचलित कानुन र नीति बमोजिम स्वास्थ्य सम्बन्धी स्थानीय तहको एकल तथा साझा अधिकारको कार्यान्वयनका लागि व्यवस्थापन, कार्यान्वयन, समन्वयन र सहयोग गर्ने ।

भ) संघ, प्रदेश र स्थानीय तहले सञ्चालन गरेका कार्यक्रमहरु कार्यान्वयन गर्ने गराउने ।

म) गाउँपालिकाले तोके बमोजिमका अन्य कार्यहरु गर्ने गराउने ।

७. समितिको बैठक तथा सञ्चालन बिधिः

समितिको अध्यक्षले तोके बमोजिम समितिको सदस्य सचिवले दुई महिनाको कम्तिमा एक पटक बैठक बोलाउनु पर्नेछ । तर आवश्यकता अनुसार जुनसुकै अवस्थामा बैठक बस्न सक्नेछ ।

1. समितिका सदस्यहरुको बहुमतको उपस्थितिमा भएका बैठकको गणपूरक संख्या भएको मानिनेछ।
2. समितिको निर्णय उपस्थित सदस्यहरुको बहुमतबाट हुनेछ । कुनै विषयमा मत विभाजन भई बराबर भएमा समितिको अध्यक्षले निर्णायक मत दिन पाउनेछन ।तर आमन्त्रित सदस्यले मत दिन वा मतदानमा भाग लिन पाउने छैनन् ।

3. समितिको अध्यक्षको अध्यक्षतामा बैठक सञ्चालन हुनेछ यदि अध्यक्ष उनुपस्थित भएमा समितिको उपाध्यक्षको अध्यक्षतामा बैठक सञ्चालन हुनेछ ।तर उपाध्यक्षको अध्यक्षतामा बसेको बैठकले तालुक निकायमा सिफरिस गर्ने विषय बाहेकको निर्णय लिन पाउने छैन यदि लिनै पर्ने बाध्यकारी परिस्थिति आएमा समितिको अध्यक्षको सरसल्लाह बमोजिम मात्र हुनेछ ।
4. बैठकको निर्णय समितिको सदस्य सचिवले प्रमाणित गर्नेछ र अध्यक्षको स्वीकृति पछि लागू हुनेछ।
5. समितिको बैठकको सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

परिच्छेद-३
कोष तथा लेखा परीक्षण

८. अस्पतालको कोषः

1. अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको नाममा छुटै कोष रहनेछ ।
2. उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् र संस्थाको खर्च सो रकमबाट व्यहोरिनेछ ।
   (क) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम ।
   (ख) गाउँपालिकाबाट प्राप्त रकम ।
   (ग) अस्पतालको आम्दानीबाट प्राप्त रकम ।
   (घ) कुनै ब्यक्ति, स्वदेशी विदेशी दाता, गुठी वा संस्थाबाट प्राप्त रकम ।
   (ङ) व्यवस्थापन समितिको पहलबाट प्राप्त रकम ।
   (च) अस्पतालले सेवाबाट प्राप्त गरेको रकम ।
   (छ) वैदेशिक अनुदान वा संघ संस्थाबाट प्राप्त गरेको अनुदान वा सहयोग रकम ।
   (ज) अन्य श्रोतबाट प्राप्त रकम ।
3. उपनियम (३) को खण्ड (छ) बमोजिमको रकम प्राप्त गर्नु अगाडि प्रचलित कानुन बमोजिम स्वीकृत लिनुपर्नेछ ।
4. अस्पताललाई प्राप्त हुने सबै प्रकारका आम्दानी उपदफा (१) बमोजिमको कोष खातामा जम्मा गर्नुपर्नेछ ।
5. समितिले गर्ने कुनैपनि खर्च उपदफा (१) बमोजिमको कोष खाताबाट गर्नुपर्नेछ ।
6. समितिले अस्पतालको नियमित स्वास्थ्य सेवा प्रवाह र जनस्वास्थ्यका प्रचलित मापदण्ड एवम् मूल्य मान्यता प्रतिकुल नहुने कुराको सुनिश्चित गरि आन्तरिक श्रोत साधन व्यवस्थापन गर्न अस्पतालको भौतिक सम्पत्तिको प्रयोग गर्न सक्नेछ ।

९. कोष तथा खाता सञ्चालनः

समिति र अस्पतालको आय-व्यय दुरुस्त राख्न समितिले निर्णय गरि तोकिएको दुई जना (पदाधिकारी वा कर्मचारी) को संयुक्त दस्तखतबाट खाता सञ्चालन गरिनेछ ।

1. अस्पतालको आयव्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम हुनेछ ।
2. कोषको खाता सञ्चालन समितिले निर्णय गरे बमोजिम सरकारी कारोबार गर्न स्वीकृति प्राप्त बैंक तथा वित्तिय संस्थामा हुनेछ ।साथै सो खाता प्रचलित कानुन बमोजिम सञ्चालन हुनेछ ।
3. अस्पतालको आर्थिक कारोबारको उत्तरदायित्व ,जिम्मेवारी र जवाफदेहिता आर्थिक कारोबारको निर्णयकर्ता र सम्बन्धित खाता सञ्चालन गर्ने अधिकार प्राप्त अधिकारी वा कर्मचारीको हुनेछ ।
4. अस्पतालको आम्दानी र खर्चको अभिलेख, आम्दानी र खर्च सम्बन्धी कार्यविधि, लेखा अभिलेखको सिद्धान्त, आर्थिक विवरण तयारी, सम्पत्तिको अभिलेख तथा जिन्सी व्यवस्थापन, आय व्यय तथा सम्पत्तिको विवरण तयारी, आन्तरीक लेखा परीक्षणको सिद्धान्त, बेरुजु अभिलेख, बेरुजु फछ्यौट लगायतका विषयहरु प्रचलित आर्थिक कार्यविधि सम्बन्धी कानुन बमोजिम हुनेछ ।
5. अस्पताललाई आवश्यक पर्ने निर्माण, मालसामान, परामर्श सेवा र अन्य सेवाको खरिद सम्बन्धी व्यवस्था र खरिद प्रक्रिया सार्वजनिक खरिद ऐन, २०६३ र खरिद नियमावली बमोजिम हुनेछ ।

१०. लेखा परिक्षणः

1. समितिले आयव्ययको आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नेछ ।
2. अस्पतालले आन्तरिक र वाह्य दुबै लेखापरीक्षण गर्नेछ । आन्तरिक लेखा परीक्षण गाउँपालिकाको आन्तरिक लेखा परीक्षण शाखाबाट हुनेछ भने वाह्य लेखापरीक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

११. बैठक भत्ताः

1. समितिका सदस्यहरुको बैठक भत्ता तथा बैठक सम्बन्धी अन्य खर्च गाउँपालिकाको आर्थिक नियमावली तथा कार्यबिधि बमोजिम यस कार्यबिधिको दफा ८ बमोजिमको कोषबाट गरिनेछ ।

१२. सेवा शुल्क सम्बन्धी व्यवस्थाः

1. अस्पतालबाट प्रदान गरिने आवश्यक सेवाको शुल्क समितिले निर्धारण गरि निर्णय गरे बमोजिम हुनेछ ।तर निःशुल्क भनि तोकिएका आधारभूत स्वास्थ्य सेवामा शुल्क लिन पाईनेछैन ।

परिच्छेद- ४
जनशक्ति, औषधि तथा उपकरणको व्यवस्थापन

१३. जनशक्ति व्यवस्थापनः

1. अस्पतालमा संघ सरकार, प्रदेश सरकार र स्थानीय सरकारले दरबन्दी निर्धारण गरे बमोजिम देहाय बमोजिम जनशक्ति व्यवस्थापन हुनेछ ।

(क) स्थायी –नेपाल सरकारको स्वास्थ्य सेवाबाट स्थायी भएका लोक सेवा बाट पदपूर्ति भएका तथा समायोजन ऐन २०७५ बमोजिम समायोजन भएका स्थायी जनशक्ति ।

(ख) करार- करार सेवामा भर्ना गरिएका जनशक्ति ।

(ग) अभ्यासकर्ता- छात्राबृद्धि प्रदान गरि अध्ययनरत विद्यार्थीले अनिवार्य सेवा गर्नुपर्ने जनशक्ति तथा पूर्ण वा आंशिक रुपमा गाउँपालिकाको सहयोग प्राप्त गरि अध्ययन गरेको विद्यार्थी ।

(घ) विषय विज्ञको रुपमा वैतनिक वा अवैतनिक स्वच्छिक सेवा उपलब्ध गराउने ब्यक्तिहरु ।

(ङ) बिभिन्न संस्थाहरुबाट ईन्टर्नसिप (OJT) विद्यार्थीहरु ।

2. अस्पतालको सेवा प्रवाह उपदफा (१) बमोजिमको कर्मचारीबाट गराउन अपुग भएमा अस्पतालको कोषबाट वा गाउँपालिकाको कोषबाट सेवा सुविधा पाउने गरि कार्यपालिकाले नियमानुसार सेवा करारमा थप कर्मचारी नियूक्त गर्न सक्नेछ ।
3. सेवा करार वा करार सेवामा कर्मचारी नियूक्ति गर्दा खुला प्रतिस्पर्धात्मक पद्धती अनुरुप वा गाउँपालिकाको विद्यमान कानुन बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।
4. अस्पतालमा कार्यरत रहेका उपदफा (२) बमोजिमका कर्मचारीको सेवा शर्त र सुविधा कार्यपालिकाले तोकि गाउँसभाबाट पास भए बमोजिम हुनेछ ।
5. नियमित बाहेक आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीहरुलाई कार्यपालिकाबाट स्वीकृत गरि थप सेवा उपलब्ध गराउन सक्नेछ ।वा अतिरिक्त सेवा सुविधा कार्यविधि बमोजिम सेवा उपलब्ध गराउन सकिनेछ ।तर गाउँपालिकाको आन्तरिक श्रोतलाई मध्यनजर गरि यस किसिमको सेवा सुविधामा हेरफेर गर्न सकिनेछ ।
6. आधारभूत अस्पतालमा रहने जनशक्तिको दरबन्दी अनुसुचि-४ अनुसार हुनेछ वा नेपाल सरकारको प्रस्तावित वा स्वीकृत दरबन्दी अनुसार हुनेछ। गाउँकार्यपालिकाले समितिको सिफारिसमा दरबन्दी संरचना संशोधन गर्न सक्नेछ ।

7. कार्यपालिकाले अस्पताललाई आवश्यक पर्ने जनशक्तिको भर्ना र छनौट गरि अस्पताललाई सिफारिस गर्नेछ ।
8. कार्यालय प्रमुखको रुपमा अस्पताल प्रमुखले कार्य गर्नेछ ।
9. अस्पतालका प्रमुख तथा अन्य कर्मचारीसंग कार्यसम्पादन करार प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।
10. समितिले जनशक्तिको क्षमता अभिबृद्धिको लागि आवश्यकता अनुसारको तालिम तथा प्रशिक्षण गराउन सक्नेछ ।समितिले अस्पताल अस्पताल मार्फत विशेषज्ञ सेवा प्रदान गर्दा आवश्यक जनशक्ति अपूग भएमा कार्यपालिकाको स्वीकृतिमा जनशक्ति व्यवस्थापन गर्न सक्नेछ ।
11. संस्थासंगको साझेदारीमा सेवा करार मार्फत पनि जनशक्ति व्यवस्थापन गर्न सक्नेछ ।

१४. अभ्यासकर्ता सम्बन्धी व्यवस्थाः

अस्पतालमा स्वास्थ्य सेवा प्रवाह नियमित प्रभावकारी र गुणस्तरीय रुपमा प्रदान गर्न तथा प्रभावकारी रुपमा प्रदान गर्नको लागि जनशक्तिको अभाव भएमा नेपाल सरकारको छात्राबृद्विमा अध्ययन गरेका विद्यार्थी तथा न्यूनतम शैक्षिक योग्यता पूरा गरि सम्बन्धित परिषदमा दर्ता भएका साथै अध्ययनरत विद्यार्थीलाई अस्पतालको प्रचलित कानुन बमोजिम अभ्यासकर्ताको रुपमा नियमानुसार काममा लगाउन सक्नेछ ।

१५. कर्मचारी तथा स्वास्थ्यकर्मीको सेवा सुविधाः

कर्मचारी तथा सम्पूर्ण स्वास्थ्यकर्मीको सेवा सुविधा, अतिरिक्त समय, रात्रिकालिन सेवा तथा सट्टा विदा प्रचलित कानुन बमोजिम एवं समितिको दायित्वको हकमा समितिबाट वा कार्यविधि वा कार्यपालिकाले तोके बमोजिमको हुनेछ ।

१६. अस्पताल प्रमुखको काम कर्तव्य र अधिकारः

1. अस्पताल व्यवस्थापन समितिको अधिनमा रहि नेपाल सरकारबाट जारी गरिएका आधारभूत स्वास्थ्य सेवा तथा आवश्यकता अनुसार विशेषज्ञ सेवा प्रवाह गर्न न्यूनतम सेवा मापदण्ड कार्यान्वयन गर्ने तथा अस्पतालको दैनिक सेवा प्रभावकारी सञ्चालन गर्ने ।
2. अस्पताल सञ्चालनका लागि सरकारी तथा गैरसरकारी संघ संस्थाहरु संग समन्वयन गर्ने ।तथा बार्षिक बजेट तथा कार्यक्रम तयार गरि कार्यपालिकामा पेश गर्ने ।
3. अस्पतालको गुणस्तर कायम गर्न,क्षमता अभिबृद्धि गर्न,स्तर उन्नति गर्न तथा अन्य आवश्यक कार्यहरु गर्न समितिको निर्णयलाई कार्यान्वयन गर्ने ।
4. अस्पतालको प्रमुख भई कामकाज गर्ने ।
5. आवश्यक निर्देशनमा बैठक बोलाउने ।
6. बैठकको निर्णय स्वीकृत गर्ने तथा प्रमाणितको लागि अध्यक्ष माझ पेस गरि सुरक्षित राख्ने ।

१७. औषधि खरिद, भण्डारण तथा वितरणः

1. अस्पतालले बार्षिक रुपमा आवश्यक गाउँपालिकाबाट निःशुल्क वितरण गरिने औषधि तथा औषधि जन्य सामाग्री खरिद गर्न गाउँपालिकाको खरिद समिति र स्वास्थ्य शाखालाई सिफारिस गर्ने ।
2. अस्पतालले बार्षिक रुपमा आवश्यक पर्ने औजार, उपकरण अनुमान गरि स्वास्थ्य शाखालाई सिफारिस गर्ने ।
3. अस्पतालले नियमित रुपमा उपलब्ध गराउनुपर्ने निःशुल्क औषधिहरु अनिवार्य रुपमा नियमित उपलब्ध गराउनुपर्ने ।
4. अस्पतालले अस्पतालमा आउने बिरामीको संख्या तथा रोगहरुको आधारमा औषधिको माग तथा नियमित आपूर्तिको व्यवस्था गर्नुपर्नेछ ।तथा नेपाल सरकारको मापदण्ड बमोजिम औषधिको भण्डारण गराउनु पर्नेछ ।
5. औषधि आपूर्ति तथा वितरणलाई पारदर्शी र प्रभावकारी बनाउन अस्पताल प्रमुखको सिफारिसमा एक जना व्यक्ति समितिले तोक्नेछ ।
6. उपदफा (५) बमोजिमको तोकिएको ब्यक्तिले नियमित जिन्सी श्रेस्ता मिलाउनु पर्ने र दैनिक हुने औषधिको खपतलाई मौज्दात दैनिक अभिलेख राख्नु पर्ने साथै उपकरण वितरण दुरुस्त राख्नुपर्नेछ ।
7. स्टोर किपरले खर्च भएर जाने र नजाने जिन्सी सामानको लगत राखि प्रत्येक त्रैमासिक रुपमा समिति समक्ष पेश गर्नुपर्नेछ ।
8. प्रेस्किप्सन अनुसार औषधिको समुचित प्रयोगको लागि सेवाग्राही वा हेरचार गर्ने व्यक्ति वा औषधि लिन आउने ब्यक्तिलाई औषधि दिने ब्यक्तिले निम्न बमोजिमको जानकारी दिनु पर्नेछ ।

(क) औषधि सेवन विधि र मात्रा

(ख) औषधिको सेवन अवधि

(ग) औषधिबाट हुनसक्ने अवाञ्छित घटना वा असरहरु

(घ) औषधि सेवन अवधिभर अपनाउनुपर्ने सावधानी

(ङ) औषधि सुरक्षित राख्ने स्थान र विधि

9. औषधि वितरण गर्दा औषधि विक्रि वितरण सम्बन्धी संहिता र औषधि सम्बन्धी प्रचलित कानुनको पालना गर्नुपर्नेछ ।
10. अस्पतालले आपूर्ति व्यवस्थापन सूचना प्रणालीमा नियमित रुपमा औषधिको विवरण पठाउनुपर्नेछ ।

१८.फार्मेसी सञ्चालन

1. निःशुल्क औषधि वितरण, स्वास्थ्य बीमाको औषधि बितरण तथा अस्पतालमा आवश्यक औषधि विक्रि वितरण गर्न अस्पतालले आफ्नै फार्मेसी सञ्चालन गर्न सक्नेछ ।
2. अस्पतालले फार्मेसीबाट विक्रि वितरण गर्ने औषधिको व्यवस्थापन अस्पतालले गर्नेछ ।
3. फार्मेसी सञ्चालन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन तथा अस्पताल फार्मेसी सञ्चालन निर्देशिका बमोजिम हुनेछ ।

१९. एम्बुलेन्स सेवा सञ्चालनः

1. अस्पतालले आफ्नै तथा अन्य संघ, प्रदेश, स्थानीय सरकार तथा सरकारी गैरसरकारी संस्थाको सहयोग तथा साझेदारीमा एम्बुलेन्स सेवा सञ्चालन गर्न सक्नेछ ।
2. एम्बुलेन्स भाडा दर प्रचलित राष्ट्रिय एम्बुलेन्स सञ्चालन निर्देशिका एवं कार्यपालिकाले तोके बमोजिमको हुनेछ ।
3. एम्बुलेन्स सञ्चालन सम्बन्धी अन्य कार्यहरु प्रचलित कानुन तथा राष्ट्रिय एम्बुलेन्स सञ्चालन निर्देशिका कमोजिम हुनेछ ।

२०. आकस्मिक स्वास्थ्य सेवा व्यवस्थापनः

1. अस्पतालले २४ सै घण्टा आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्नुपर्नेछ ।
2. अस्पतालमा सम्भव भएसम्म उपचार गरि थप उपचार आवश्यक भएमा सम्बन्धित ठाउँमा प्रेषणको व्यवस्था मिलाउनु पर्नेछ ।
3. अस्पतालले सञ्चालन गर्ने आकस्मिक स्वास्थ्य सेवाको विवरण स्वास्थ्यकर्मीको नाम जिम्मेवारी र कर्तव्य खुल्ने गरि सबैले देख्ने ठाउँमा टाँस गर्नुपर्नेछ ।
4. अस्पतालले प्रदान गरेको सेवामध्ये आधारभूत स्वास्थ्य सेवाभित्र पर्ने आकस्मिक स्वास्थ्य सेवा निःशुल्क प्रदान गर्नुपर्नेछ र आधारभूत सेवा बाहेकका आकस्मिक उपचारको खर्चको व्यवस्थापन स्वास्थ्य बीमा कार्यक्रमबाट गर्नुपर्नेछ यदि स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध नभएको ब्यक्तिको हकमा सम्बन्धित ब्यक्ति, निजको परिवार, अभिभावक,संरक्षक, परिवारका सदस्य तथा संरक्षकत्व प्रदान गरिरहेको ब्यक्तिले व्यहोर्नु पर्नेछ।
5. अस्पतालमा कसैलाई पनि आकस्मिक उपचार सेवाबाट बञ्चित गरिनेछैन । अति विपन्न, वेवारिसे, तत्काल संरक्षक र अभिभावक नभएका सेवाग्राहीलाई गाउँपालिकाको आकस्मिक उपचार कोष वा अन्य शिर्शकबाट व्यहोर्नु पर्नेछ ।

२१. सेवा व्यवस्थापनः

1. अस्पतालमा प्रशासनिक कार्यालय, ओ.पि.डि, प्रयोगशाला, वार्डहरु, ईमर्जेन्सी कक्ष, शल्यक्रिया कक्ष, आकस्मिक कक्ष, फार्मेसी, क्यान्टिन, सोधपूछ दर्ता कक्ष, प्रतिक्षालय लगायतका प्रचलित मापदण्ड बमोजिम गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नका लागि

आवश्यक न्यूनतम भौतिक पूर्वाधार उपकरण तथा दक्ष जनशक्तिको व्यवस्थापन गर्नुपर्नेछ ।

2. अस्पतालले बहिरङ्ग सेवा प्रदान गर्ने विशेषज्ञ चिकित्सक वा अन्य चिकित्सकहरु उपलब्ध हुने समय तालिका खुल्नेगरी सबैले देख्ने ठाउँमा टाँस गर्ने ।
3. अस्पतालले बहिरङ्ग सेवामा आउने विरामीको चापको आधारमा बिरामी दर्ता, परामर्श सेवा ,निदानात्मक सेवा तथा औषधि वितरण सेवा वा कक्षमा छिटो छरितो सेवा दिने व्यवस्था मिलाउने ।
4. अस्पतालले उपलब्ध गराउने भनेको स्वास्थ्य सेवा सम्बन्धित स्वास्थ्यकर्मी वा चिकित्सक बाट मात्रै उपलब्ध गराउने ।
5. अस्पतालले २४ सै घण्टा आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था मिलाउने ।
6. बिरामी वा बिरामी रेखदेख गर्ने ब्यक्तिलाई औषधि उपचार पद्धति र रोगको बारेमा स्पष्ट जानकारी दिने ।
7. अस्पतालमा विश्व स्वास्थ्य संगठनले निर्धारण गरेको मापदण्ड बमोजिम संक्रमण रोकथाम तथा नियन्त्रणको व्यवस्था हुनेछ र सो को अनुगमन तथा मूल्याङ्कन नियमित रुपमा हुनेछ ।
8. सेवा प्रदायक चिकित्सक वा स्वास्थ्यकर्मीहरुको सुरक्षाको लागि विभिन्न सरुवा रोग विरुद्धको ब्यक्तिगत सुरक्षाको व्यवस्था गरिएको हुनेछ ।
9. अस्पतालले नेपाल सरकारबाट सञ्चालित सेवा वा कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकारले तोकेको मापदण्ड, प्रोटोकल निर्देशिका अनिवार्य पालना गर्नुपर्नेछ ।
10. अस्पताल भित्र नियमित हातधुने व्यवस्थापन हुनेछ र सो स्थानहरुमा अनिवार्य साबुन पानीको व्यवस्थापन हुनेछ ।
11. ठोस फोहोरमैलाको उचित व्यवस्थापन गर्नुपर्नेछ ।अस्पताल परिसर तथा कक्षहरु नियमित रुपमा सफा सुग्घर हुनुपर्नेछ ।
12. अस्पतालमा प्रयोग हुने एप्रोन, पन्जा, जुत्ता तन्ना जस्ता लुगा कपडा धुनको लागि लण्ड्रीको व्यवस्थापन गर्नुपर्नेछ ।
13. अस्पतालमा बिरामीहरु र स्वास्थ्यकर्मीहरुका लागि विश्व स्वास्थ्य संगठनले तोकेको निर्धारित मापदण्ड अनुसारको खानेपानीको व्यवस्थापन भएको हुनेछ ।
14. अस्पताल परिसर भित्र र सम्पूर्ण वार्डहरुमा २४ सै घण्टा विद्युतको आपूर्ति सुनिश्चित गर्नुपर्नेछ र विद्युत नभएको खण्डमा अन्य बैकल्पिक उर्जाको व्यवस्था सुनिश्चित हुनुपर्नेछ ।
15. अस्पतालमा आउने विपन्न, असहाय, वेवारिसे र अपाङ्गता भएकाहरुका बिरामीहरुको लागि अस्पतालको कुल शैयाको १० प्रतिशत निःशुल्क उपचार अनिवार्य हुनेछ । थप निःशुल्क अपचारको लागि समितिको निर्णय अनिवार्य आवश्य हुनेछ ।

16. उपदफा १५ वमोजिम उपलब्ध गराएको उपचार सेवाको अभिलेख राखि गाउँ कार्यपालिकामा नियमित रुपमा सोको प्रतिवेदन उपलब्ध गराउनु पर्नेछ ।
17. अस्पतालमा प्रयोग गर्ने औजार तथा उपकरणहरुको समयमै मर्मतको व्यवस्था हुनुपर्नेछ ।साथै ठुला र गम्भिर प्रकृतिका औजार उपकरणहरु कम्पनिले निर्दिष्ट गरेको मर्मत अवधि अनुसार मर्मतसम्भार कार्ययोजना बनाई सोहि अनुसार मर्मत गरेको हुनुपर्नेछ ।
18. अस्पतालको भवन, सवारी साधन, मेसिनरी औजार, यन्त्र, उपकरण र अन्य विद्युतीय उपकरणको नियमित मर्मत सम्भार गर्ने व्यवस्था हुनुपर्नेछ ।
19. अस्पतालको वार्ड तथा अन्य स्थानमा बिरामी कुरुवा कक्षको व्यवस्था हुनुपर्नेछ ।
20. आपतकालिन अवस्थामा प्रयोग हुने औजार उपकरणको लागि छुटै भण्डारण कक्षको व्यवस्था हुनुपर्नेछ ।
21. अस्पतालमा आवश्यकताको आधारमा सुरक्षा व्यवस्थाको लागि सुरक्षा गार्डको व्यवस्था हुनुपर्नेछ ।
22. अस्पतालमा बिभिन्न शाखा तथा ईकाइबाट प्रदान गरिने स्वास्थ्य सेवालाई थप गुणस्तरीय र प्रभावकारी रुपमा प्रर्दान गर्नका लागि अस्पतालले सञ्चालन तथा व्ववस्थापन समितिले छुटै कार्यविधि बनाई लागू गर्न सक्नेछ ।
23. अस्पतालको सेवा तथा भौतिक संरचना संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मापदण्ड अनुसारको हुनुपर्नेछ ।
24. स्वास्थ्य सेवा सञ्चालन तथा पूर्वाधार सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन,मापदण्ड र प्रोटोकल बमोजिम हुनेछ ।

परिच्छेद-५
सूचना, अभिलिखिकरण, गुनासो व्यवस्थापन

२२. अस्पताल सूचना प्रणालीः

1. अस्पतालबाट प्रदान गरिएका सेवा सम्बन्धी सम्पूर्ण तथ्याङ्कहरु नियमानुसार अभिलेख तथा व्यवस्थापन गर्नुपर्नेछ ।
2. अस्पतालले प्रदान गरेका स्वास्थ्य सेवा सम्बन्धी सूचना गाउँपालिका, प्रदेश र संघको सम्बन्धित निकायहरुमा नियमित अपलब्ध गराउनुपर्नेछ ।
3. अस्पतालबाट प्रदान भएका सेवा तथा सुविधाहरुको अभिलेखीकरण तथा प्रतिवेदन स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अनुसार हुनेछ ।
4. बिरामीले स्वास्थ्य संस्थाबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क प्रकृया तथा अवधी समेत खुलाएको अनुसुचि १ बमोजिमको नागरिक वडापत्र अस्पतालको अग्रभागमा सबैले देखिने गरि टाँस्नु पर्नेछ र सोही अनुसारको सेवा सुविधा विरामीले प्राप्त गर्न सुनिश्चित गराउनुपर्नेछ ।

5. अस्पतालमा एम्बुलेन्स प्रहरी तथा अन्य आवश्यक टेलिफोन नं. सबैले देख्ने ठाउँमा टाँस गर्ने ।
6. अस्पतालमा आउने बिरामीहरुको लागि आवश्यक पर्ने सूचना प्राप्त गर्न सहायता वा सोधपुछ कक्षको व्यवस्थापन गर्नुपर्नेछ र आवश्यकता अनुसार सेवाग्राहीहरुलाई आवश्यक सूचना प्रदान गर्नुपर्नेछ ।
7. अस्पताल भित्र प्रभावकारी सूचना सम्प्रेषणका लागि आन्तरिक टेलिफोनको व्यवस्था गर्नुपर्नेछ वा आवश्यक आधुनिक संयन्त्रको व्यवस्था गर्नुपर्नेछ ।
8. अस्पतालले प्रदान गरेका स्वास्थ्य सेवाहरुका बारेमा समय-समयमा जन चेतनामूलक अभियान सञ्चालन गरि जानकारी गराउनुपर्नेछ र बर्षको अन्त्यमा सामाजिक लेखा परीक्षणको व्यवस्था गर्नुपर्नेछ ।
9. अस्पतालले स्वास्थ्य सम्बन्धी तथ्याङ्क नेपाल सरकारले निर्धारण गरे बमोजिम नियमित रुपमा स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीले तोके बमोजिम प्रेषण तथा DHIS2 मा वा अन्य तोकिएको प्रणालीहरुमा प्रविष्ट गर्नुपर्नेछ ।
10. अस्पताल र स्वास्थ्यकर्मीहरुले संकलन गरेका स्वास्थ्य सम्बन्धी ब्यक्तिगत सूचना, कागजात, जानकारी, तथ्याङ्क तथा अभिलेखहरुको गोपनीयता कायम गर्नु अस्पतालमा कार्यरत सम्पूर्ण स्वास्थ्यकर्मी र कर्मचारीहरुको कर्तव्य हुनेछ ।

२३. गुनासो व्यवस्थापनः

1. अस्पतालमा सबैले देख्ने ठाउँमा सुझाव तथा उजुरी पेटिका राख्नुपर्नेछ र संकलन भएका सुझाव तथा उजुरीको समय समयमा खोलि व्यवस्थापन गर्नुपर्नेछ ।
2. अस्पतालले स्वास्थ्य सेवा सम्बन्धी गुनासो,उजुरी र सुझाव संकलन गर्ने र त्यस्को सम्बोधनका लागि छुटै एक अधिकारी तोक्नेछ ।

२४. प्रेषण सम्बन्धी व्यवस्थाः

1. उपचारका लागि आएका बिरामीहरुलाई उपयूक्त कारणले स्वास्थ्य सेवा प्रदान गर्न नसकिने अवस्था भएमा अस्पतालले अपलब्ध भएको स्वास्थ्य सेवा प्रदान गरी थप उपचारका लागि सम्बन्धित ठाउँमा प्रेषण गर्नुपर्नेछ र प्रेषण भएको बिरामीको फलोअप तथा सम्बन्धित पठाएको ठाउँमा गए नगएको उपचार पाए नपाएको एकिन गरि फिर्ति जानकारी लिने गर्नुपर्नेछ । तर उपचार गर्न सकिने हुँदाहुदै प्रेषण गर्न पाईने छैन ।
2. अस्पतालले प्रेषण गर्ने स्वास्थ्य संस्थाहरुको पूर्व पहिचान गरी सोको अद्यावधिक सूची राख्नुपर्दछ र प्रेषण गर्दा तत्काल सेवाको सुनिश्चित गरेरमात्र प्रेषण गर्नुपर्दछ ।
3. उपदफा (२) बमोजिम प्रेषण गर्दा बिरामीको विवरण प्रेषण भएर जाने अस्पतालमा पहिले नै पठाउने व्यवस्था मिलाउनु पर्नेछ ।
4. बिरामीलाई अन्य स्वास्थ्य संस्थामा प्रेषण गर्दा अस्पतालले पृष्ठपोषण उल्लेख गरी निर्दिष्ट प्रेषण पूर्जा सहित प्रेषण गरी विवरण अद्यावधिक गरी राख्नुपर्नेछ ।

5. अस्पतालले प्रेषण गर्दा प्रेषण मापदण्ड बमोजिमको न्यूनतम उपकरण तथा सेवा उपलब्ध गराउनुपर्नेछ ।
6. यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनी सेवाग्राहीको ईच्छा चाहना बमोजिम पाएक पर्ने स्वास्थ्य संस्थामा प्रेषण गर्न बाधा पर्ने छैन ।
7. प्रेषण गर्दा गर्भवति महिला गम्भिर प्रकारका विरामी, बिपन्न नागरिक, पूर्ण अपाङ्गता भएका ब्यक्ति तथा नागरिकलाई अस्पतालले एम्बुलेन्स सेवामा सहुलियत प्रदान गर्न सक्नेछ ।
8. प्रेषण सेवामा लाग्ने एम्बुलेन्स वा यातायात खर्च सम्बन्धी व्यवस्था अस्पताल व्यवस्थापन समिति ले सिफारिस गरि कार्यपालिकाले तोके बमोजिम हुनेछ ।
9. प्रेषण भएका बिरामीको स्वास्थ्य अवस्था हेरी अस्पतालले उपचारमा प्राथमिकिकरण गर्न सक्नेछ ।
10. अस्पतालमा प्रेषण भई आएका बिरामी डिस्चार्ज गर्दा प्रेषण फिर्ती पूर्जी सहित डिस्चार्ज गरि सोको विवरण अद्यावधिक रुपमा राख्नुपर्नेछ ।
11. उपदफा (१०) बमोजिम डिस्चार्ज गर्दा बिरामीलाई देहायका विवरण उल्लेख गरी अनुसुची २ बमोजिमको डिस्चार्ज साराँश दिनु पर्नेछ ।

(क) बिरामीको परिचय-पत्र नं.,

(ख) मूख्य समस्याहरु,

(ग) भौतिक परीक्षण गर्दा प्राप्त रिपोर्टका साराँश,

(घ) तत्काल गरिएको परीक्षणको साराँश,

(ङ) उपचारको क्रममा भेटिएका तथ्य,

(च) उपचारको क्रममा अस्पतालमा रहेको अवधि,

(छ) उपचारको क्रममा अस्पतालमा रहेको अवधि,

(ज) गरिएको उपचारको विवरण,

(झ) डिस्चार्ज हुँदाको अवस्था,सो समयमा दिइएको निर्देशन तथा डाइट, व्यायाम, उपचार पद्दती, औषधिको मात्रा, प्रक्रिया तथा अवधि,

(ञ) पुनः आउनुपर्ने वा नपर्ने जानकारी,

(ट) निदानात्मक जाँचहरुको रिपोर्टको साराँश,

(ठ) अन्य आवश्यक कुराहरु ।

परिच्छेद-६
विविध

२५. अस्पतालको छापः अस्पतालको सम्पूर्ण कामकारवाहीको निमित्त एउटै छुट्टै छाप हुनेछ । छापको नमुना र आकार नमुना र आकार अनुसुची-३ मा उल्लेख भए बमोजिमको हुनेछ ।

२६. अस्पतालको संगठन संरचनाः अस्पतालको आफ्नै संगठन संरचना हुनेछ ।संगठन संरचना प्रचलित कानुन बमोजिम गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

२७. **साझेदारी गर्न सक्नेः** अस्पतालले अस्पतालको सेवालाई व्यवस्थित र प्रभावकारी बनाउन अस्पतालको स्तरोन्नती,सरसफाई तथा फोहोर व्यवस्थापन, क्यान्टिन, सुरक्षा व्यवस्था,लन्ड्री, एम्बुलेन्स तथा शव वाहान सेवा लागाएतका व्यवस्थापन गर्न र विशेषज्ञ सेवा सञ्चालन गर्न गाउँपालिका संग समन्वयन गरी आवश्यकता अनुसार प्रचलित कानुन बमोजिम समुदायिक, सरकारी, निजी तथा गैरसरकारी निकाय वा संस्थासंग सम्झौता वा साझेदारीमा गर्न सक्नेछ ।

२८. **बार्षिक प्रतिवेदन पेश गर्नेः** समितिले बर्षभरीको काम कार्वाहीको प्रतिवेदन आर्थिक बर्ष समाप्त भएको एक महिना भित्र गाउँपालिका समक्ष पेश गर्नुपर्नेछ ।

२९. **निर्देशन पालना गर्नुपर्नेः** कार्यपालिकाले दिएका निर्देशनहरुको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

३०. **थप दायित्व सृजना गर्न नहुनेः** कार्यपालिकाको स्वीकृत विना समितिले गाउँपालिकालाई थप आर्थिक भार पर्ने गरी दायित्व सृजना गर्नु हुँदैन ।

३१. **अधिकार प्रत्यायोजन गर्न सक्नेः** समितिले आफुलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, उपाध्यक्ष र सदस्य सचिवलाई प्रत्योजन गर्न सक्नेछ ।

३२. **कार्यविधिको पालना गर्नुपर्नेः** यस कार्यविधिको पालना गर्नु सेवाग्राही, नागरिक, समिति र अस्पतालको दायित्व हुनेछ ।

३३. **व्याख्या गर्ने अधिकारः** यस कार्यविधिमा उल्लेखित कुनै प्रवाधानको कार्यान्वयन कुनै द्विविधा उत्पन्न भई कार्यान्वयनमा बाधा आई परेमा गाउँ कार्यपालिकाले सोको व्याख्या गर्नेछ ।

३४. **प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएका विषयहरु यसै बमोजिम र यसमा उल्लेख नभएका विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

३५. **संशोधनः** यस कार्यविधिमा उल्लेख भएका विषयहरुको संशोधन गर्नुपरेमा कार्यपालिकाबाट संशोधन समेत हुनेछ ।

अनुसुची -१

दफा २१ को उपदफा ४ संग सम्बन्धित

अस्पतालबाट प्रदान गरिने सेवाको नागरिक बडापत्रको ढाँचा

सि.नं.	शाखा/वार्ड	प्रदान गरिने सेवाको विवरण	सम्बन्धित सम्पर्क ब्यक्ति	प्रक्रिया	लाग्ने समय	लाग्ने शुल्क	गुनासो सुन्ने अधिकारी

मरिण गाउँपालिका

अनुसुची-२

दफा २४ को उपदफा ११ संग सम्बन्धित

डिस्चार्ज सारांश ढाँचा

------------------------------------ अस्पताल	
बिरामीको नामः	उमेरः
बिरामीको ठेगानाः	सम्पर्क नं.
अस्पतालको वार्डः	युनिटः
बिरामीको परिचयपत्र नं./दर्ता नं.	मितिः
समस्याहरुः-- ---	
परीक्षण विवरणः--- --	
उपचारको क्रममा भेटिएका तथ्य उपचार प्रक्रिया र पद्दती ---	
उपचारको क्रममा स्वास्थ्य संस्थामा रहेका अवधिः भर्ना भएको मिति र समयः	
उपचार सम्बन्धी विवरणः	सिफारिस औषधिको नाम,मात्रा र अवधिः
डिस्चार्ज हुँदाको स्वास्थ्य अवस्था सो समयमा दिएको निर्देशनः	
पुनःअस्पताल आउने सम्बन्धी विवरणः यस उपचारको क्रममा पुन अस्पताल आउनु पर्ने वा नपर्ने आउनु पर्ने मितिः	
अन्य आवश्यक कुराहरुः ----------------------------------	
प्रमुख/ईन्चार्जको हस्ताक्षर	

अनुसुची-३
दफा २५ बमोजिम
अस्पतालको छाप

मरिण गाउँपालिका

अनुसुचि -४
दफा १३ को उपदफा ६ बमोजिम
आधारभूत अस्पतालमा रहने जनशक्ति/कर्मचारी दरबन्दी विवरण

क्र.स.	पद	श्रेणी/तह	सेवा	समुह	दरबन्दी संख्या	कैफियत
१	मे.सु./मेडिकल जनरलिष्ट	९/१०	स्वास्थ्य	मेडिकल जनरलिष्ट	१	संघीय मन्त्रालयबाट प्रस्तावित
२	मेडिकल अधिकृत	८	स्वास्थ्य	ज.हे.स	२	संघीय मन्त्रालयबाट प्रस्तावित
३	स्टाफ नर्स	५/६/७	स्वास्थ्य	जनरल नर्सिङ	६	संघीय मन्त्रालयबाट प्रस्तावित
४	हेल्थ असिस्टेन्ट	५/६/७	स्वास्थ्य	हेल्थ ईन्सपेक्सन	४	संघीय मन्त्रालयबाट प्रस्तावित
५	कविराज	५/६/७	स्वास्थ्य	आयुर्वेद	१	संघीय मन्त्रालयबाट प्रस्तावित
६	ल्याव टेक्निसियन	५/६/७	स्वास्थ्य	मेडिकल ल्याब टेक्नोलोजी	१	संघीय मन्त्रालयबाट प्रस्तावित
७	रेडियोग्राफर	५/६/७	स्वास्थ्य	रेडियोग्राफी	१	संघीय मन्त्रालयबाट प्रस्तावित
८	फार्मेसी सहायक	५/६/७	स्वास्थ्य	फार्मेसी	१	संघीय मन्त्रालयबाट प्रस्तावित
९	डेन्टल हाईजेनिस्ट	४/५/६	स्वास्थ्य	डेन्टिस्ट्री	१	संघीय मन्त्रालयबाट प्रस्तावित
१०	एनेस्थेटिक सहायक	५/६/७	स्वास्थ्य	बिबिध	१	संघीय मन्त्रालयबाट प्रस्तावित
११	लेखा/प्रशासन सहायक	४/५/६	लेखा/प्रशासन	लेखा/सामान्य प्रशासन	१	संघीय मन्त्रालयबाट प्रस्तावित
१२	नेत्र सहायक	५/६/७	स्वास्थ्य	बिबिध	१	संघीय मन्त्रालयबाट प्रस्तावित
१३	कार्यालय सहयोगी	श्रेणी विहिन	प्रशासन	सामान्य प्रशासन	६	संघीय मन्त्रालयबाट प्रस्तावित
१४	सरसफाई कर्मी	श्रेणी विहिन	प्रशासन	सामान्य प्रशासन	३	संघीय मन्त्रालयबाट प्रस्तावित
१५	पाले	श्रेणी विहिन	प्रशासन	सामान्य प्रशासन	२	
	जम्मा				३२	

नोटः-साविकको कपिलाकोट प्राथमिक स्वास्थ्य केन्द्र लाई स्तरोन्नती गरि मरिण आधारभूत अस्पताल सञ्चालन गरिने छ ।सो संस्थामा साविकका स्थायी सेवामा कार्यरत कर्मचारीहरुलाई सोही अस्पतालको मिल्दो समूहमा राखि व्यवस्थापन गरिनेछ । उल्लिखित दरबन्दी संरचना मध्ये हालको लागि हेल्थ असिस्टेन्टको पदमा सोही समूहको अ.हे.व./सि.अ.हे.व./सि.अ.हे.व.अधिकृत (४/५/६) बाट र नर्सिङ्ग तर्फको स्टाफनर्सको पदमा सोही समुहको अ.न.मी./सि.अ.न.मी./सि.अ.न.मी. निरीक्षक (४/५/६) पदबाट पदपूर्ति गर्न सकिनेछ र पछि उक्त पद रिक्त भएमा दरबन्दी अनुसारको पदमा नियुक्ति गरिनेछ ।

मरिण गाउँपालिका